श्रद्धेय कार्यवाहक अध्यक्ष श्री अञ्जुदेवी थपलियाज्यूले
झापा गाउँसभाको बिसौं गाउँसभा अधिवेशनको बैठकलाई
गर्नुभएको सम्बोधन

# झापा गाउँपालिकाको
# आ.व.२०८३/८४ को
# बार्षिक बजेट

झापा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टाघनडुब्बा झापा, कोशी प्रदेश, नेपाल
२०८३ आषाढ १०

"शिक्षा स्वास्थ्य कृषिमा गति, पूर्वाधार विकास र सुशासन, झापा गाउँपालिकाको नीति"

**झापा गाउँपालिकाको**

**आ.व. २०८३/८४ को बजेट वक्तव्य**

**गाउँसभाका सदस्यज्यूहरू, तथा उपस्थित महानुभावहरू,**

- झापा गाउँपालिकाको यो विसौं गाउँसभाको वार्षिक अधिवेशनमा, सभा अध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभूति गरिरहेको छु ।
- यस ऐतिहासिक र महत्त्वपूर्ण घडीमा, नेपालको संविधान कार्यान्वयनको १० औं वर्ष व्यतित भइरहँदा, देशलाई वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्रात्मक अवस्थासम्म ल्याइ पुर्याउन तथा धर्मनिरपेक्षता, समावेशिता र सामाजिक न्याय प्राप्तिका लागि आफ्नो अमूल्य जीवन आहुति दिनुहुने समस्त ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।
- संघीयता कार्यान्वयनपछि सम्पन्न भएको दोस्रो स्थानीय तह सदस्य निर्वाचन (२०७९ वैशाख ३० गते) पश्चात्, जनप्रतिनिधिका रूपमा यस गाउँपालिकाको सर्वाङ्गीण विकास तथा समृद्धिको गहन दायित्व हाम्रो काँधमा आएको छ । निर्वाचन पछिको पाँचौ वर्षमा प्रवेश गर्दै गर्दा, नयाँ संरचनामा नयाँ ढङ्गको अभ्यास गर्ने क्रममा गराइ, भोगाइ र सिकाइका चरणहरू क्रमशः पार गर्दै हाम्रा अनुभवहरू परिष्कृत भइरहेका छन् । यस यात्रामा सीमितता र चुनौतीहरूको सामना गर्दै प्राप्त अवसरहरूलाई अधिकतम सदुपयोग गर्नेतर्फ हामी अविचलित रूपमा अग्रसर छौं र समुन्नत एवं समृद्ध झापा गाउँपालिकाको परिकल्पना गरिरहेका छौं ।

**उपस्थित आदरणीय महानुभावहरू,**

- बजेटका स्रोतहरू धेरै क्षेत्रमा विकेन्द्रीत हुँदा उपलब्धीको प्रभावकारिता कम देखिने र लगानीको प्रतिफल समयमा प्राप्त गर्न नसकिने वास्तविकताप्रति हामी पूर्ण रूपमा जानकार छौं । हाम्रा सीमित स्रोतबाट एकैपटक सबै आवश्यकताहरूलाई सम्बोधन गर्न सकिँदैन । सबै क्षेत्रमा एकैपटक धेरै आयोजनाहरू सञ्चालन गर्दा प्रायः सबै अधुरा रहने, यसबाट लगानी हुने तर प्रतिफल नदेखिने भएकाले, विगतमा सञ्चालन गरिएका तर अधुरा रहेका झापा गाउँपालिकाको जनताको जीवनस्तर र उत्पादन वृद्दि गर्ने योजनाहरूलाई हामीले प्राथमिकता दिएका छौं । साथै, गाउँपालिकाबासीको तत्कालका माग तथा मुख्य-मुख्य

आवश्यकताहरूलाई सूक्ष्म रूपमा पहिचान गरी तत्काल स्थानीय शासन, विकास र सेवा प्रवाह गर्न सक्ने ठूला तथा पूरा गर्न सकिने खालका आयोजनाहरूलाई यस बजेटमा उच्च प्राथमिकता दिइएको छ ।

- आगामी आर्थिक वर्ष २०८३/८४ को वार्षिक बजेट तथा कार्यक्रम तय गर्दा नेपालको संविधानमा भएका स्थानीय तह सम्बन्धी व्यवस्थाहरू, राज्यका निर्देशक सिद्धान्त र नीतिहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ को उपदफा १, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, र स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शनमा भएका व्यवस्थाहरूलाई पूर्ण रूपमा आत्मसाथ गरिएको छ । यसका साथै, संघीय तथा प्रदेश सरकारका प्राथमिकता र आवधिक योजना, झापा गाउँपालिकाको पञ्चवर्षीय आवधिक योजना, राजस्व परामर्श समितिको प्रतिवेदन २०८३, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिवेदन, २०८३, दिगो विकास लक्ष्य अन्तर्गतका कार्यक्रमहरू, राजनीतिक दल, वडाध्यक्ष, वडा सदस्य, स्थानीय बुद्धिजीवी तथा समाजसेवीहरूबाट प्राप्त राय-सुझाव एवं वडा र विषयगत समितिहरूबाट माग भई आएका आयोजनाहरूलाई प्रमुख आधार मानिएको छ ।
- अब म संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन र बजेटको सीमाभित्र रही, यस गरिमामय वार्षिक अधिवेशनमार्फत कुल रु. **५३ करोड ९३ लाख ९९ हजार** को वार्षिक बजेटको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस बजेटका मुख्य स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत, बाँडफाँडबाट प्राप्त हुने रकम, तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण एवं सशर्त अनुदान संघीय तथा प्रदेश समपुरक अनुदान, संघीय विशेष अनुदानलाई समेटिएको छ ।

**सभाका सदस्यज्यूहरु**

यस सभा उपस्थित रहनुहुने सम्पूर्ण सभा सदस्यज्यूहरू, कर्मचारी मित्रहरू, पत्रकार तथा सञ्चारकर्मी मित्रहरू, झापा गाउँपालिका बासी लगायत सम्पूर्ण नेपाली आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हृदयदेखि नै नमन व्यक्त गर्दछु । झापा गाउँपालिकाबासीको बृहत्तर हित र विकासको यस महाअभियानमा यहाँहरू सबैको निरन्तर साथ, सहयोग र समर्थनको अपेक्षा राख्दै, अब म आगामी आर्थिक वर्ष २०८३/८४ को विस्तृत बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु अगाडि, चालु आर्थिक वर्ष

२०८२/८३ मा हासिल भएका मुख्य-मुख्य उपलब्धीहरूको बारेमा संक्षिप्त प्रकाश पार्ने अनुमति चाहन्छु ।

अब म आर्थिक बर्ष २०८२/८३ को आय-व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहान्छु

- आर्थिक वर्ष २०८२/८३ मा रु. २ करोड आन्तरिक राजश्व संकलन हुने अनुमान रहेकोमा चालु आर्थिक बर्षको हालसम्म करिव १ करोड ८७ लाख २४ हजार राजश्व संकलन भएको छ ।वडागत राजस्व संकलनको हालसम्मको अवस्था तपसिल बमोजिम रहेको छ ।

| वडा नं | हालसम्म संकलित राजस्व | कैफियत |
|---|---|---|
| पालिका | ४० लाख ६५ हजार १ सय ८५ | |
| १ | १९ लाख ५ हजार ४ सय ६७ | |
| २ | २२ लाख ११ हजार ६ सय ९९ | |
| ३ | २७ दाख ९४ हजार ३ सय ७१ | |
| ४ | १९ लाख ५४ हजार ९ सय ६० | |
| ५ | १८ लाख ६७ हजार ८ सय ३३ | |
| ६ | २० लाख १७ हजार ३ सय ५४ | |
| ७ | १७ लाख ६० हजार ५ सय २९ | |

- त्यसैगरी आ.व. २०८२/८३ नेपाल सरकारबाट बित्तीय समानीकरण अनुदान तर्फ रु. ११ करोड ३८ लाख अनुमान गरिएकोमा रु. १० करोड ४० लाख ७० हजार १ सय प्राप्त भएको मध्ये रु. ६ करोड ८२ लाख ७७ हजार रुपैंया खर्च भएको छ ।
- संघीय राजश्व बाँडफाँडबाट रु. १० करोड १७ लाख ५२ हजार आय प्राप्त हुनु पर्नेमा चालु आ.व. को हालसम्म रु. ९ करोड ६७ लाख २६ हजार ८ सय ४७ रुपैंया मात्र प्राप्त भई ६ करोड ४७ लाख ४४ हजार रुपैंया खर्च भइसकेको छ ।
- चालु आर्थिक वर्ष २०८२/८३ का लागि संघीय सशर्त अनुदान तर्फ रु. २२ करोड २९ लाख अनुमान गरिएकोमा चालु आ.व. को हालसम्म रु. २२ करोड २८ लाख ४० हजार आम्दानी भई यसै अवधिमा रु.१७ करोड ५१ लाख १८ हजार रुपैया खर्च भएको छ ।
- त्यसैगरी चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्म प्रदेश सरकारबाट बित्तीय समानीकरण अनुदान तर्फ रु. १ करोड ०७ लाख ९८ हजार आय अनुमान गरिएकोमा

हालसम्म रु. १ करोड ०७ लाख ९८ हजार रुपैया आम्दानी भई रु. ४४ लाख २० हजार रुपैंया खर्च भएको छ ।

- प्रदेश राजश्व बाँडफाँडबाट रु. ७१ लाख १९ हजार अनुमान गरिएकोमा रु. ५१ लाख ७४ हजार आय प्राप्त भई रु. ४४ लाख ८७ हजार रुपैया खर्च भएको छ ।
- स्थानीय राजश्व बाँडफाँड (घरजग्गा रजिष्ट्रेसन शूल्क) बाट रु. ५० लाख आय अनुमान गरिएकोमा हालसम्म रु. ५१ लाख ५३ हजार १ सय ९६ रुपैंया आम्दानी भई रु. २३ लाख ६३ हजार रुपैंया खर्च भएको छ ।
- संघीय समपूरक शिर्षकमा रु. ७४ लाख अनुमान गरिएकोमा हालसम्म रु. ४९ लाख १ हजार रुपैंया प्राप्त भएको र रु. ४८ लाख ४२ हजार रुपैंया खर्च भएको जानकारी गराउँदछु ।
- त्यसैगरी प्रदेश समपूरक अनुदान शिर्षकमा रु. १ करोड आय अनुमान गरिएकोमा रु. १ करोड रुपैंया प्राप्त भई रु. ६६ लाख ४४ हजार रुपैंया खर्च भएको छ ।
- आर्थिक वर्ष २०८२/८३ मा प्रदेश सरकार सशर्त अनुदान तर्फ रु. ९४ लाख ७४ हजार अनुमान गरिएकोमा हालसम्म रु. ७२ लाख ३१ हजार आय प्राप्त भई हालसम्म रु. ६५ लाख ५२ हजार रुपैंया खर्च भइसकेको व्यहोरा निवेदन गर्न चाहान्छु ।

<u>अब म आर्थिक वर्ष २०८२/८३ को क्षेत्रगत बजेट तथा यथार्थ खर्च विवरण पेश गर्न चाहन्छु ।</u>

<u>आर्थिक बिकास क्षेत्र</u>

आर्थिक बिकास क्षेत्र अन्तर्गत कृषि, पर्यटन, सहकारी, जलस्रोत, पशुपंक्षी बिकास र भूमी व्यवस्थाको क्षेत्रमा आ.व. २०८२/८३ मा रु. ४ करोड १५ लाख ०५ हजार बिनियोजन गरिएकोमा हालसम्म रु. १ करोड ७१ लाख ७५ हजार १ सय ६३ रुपैंया खर्च भएको छ । यो कुल आय अनुमानको ४१ दशमलव ३८ प्रतिशत हुन आउँछ ।

<u>पूर्वाधार बिकास क्षेत्र</u>

पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, भवन, आवास, बस्ती बिकास, उर्जा, विज्ञान र प्रविधीमा चालु आर्थिक वर्षका लागि रु. १४ करोड ३१ लाख ६७ हजार ५ सय २८ रुपैंया अनुमान गरिएकोमा यस अवधीसम्म रु. ०७ करोड ९६ लाख ०६ हजार ९ सय ७४ रुपैंया खर्च भएको छ । यो कुल आय अनुमानको ५५ दशमलव ०६ प्रतिशत हो ।

<u>सामाजिक बिकास क्षेत्र</u>

सामाजिक विकास क्षेत्र अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण, शिक्षा, स्वस्थ्य, खानेपानी तथा सरसफाई, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण, भाषा तथा संस्कृति, युवा तथा खेलकुदमा यस आर्थिक वर्षका लागि रु. २७ करोड ९९ लाख १८ हजार ८ सय ४७ रुपैंया विनियोजन भएकोमा यस आ.व. को हालसम्म रु. २१ करोड ३८ लाख ४ हजार २ सय ३८ रुपैंया खर्च भएको छ । यो कुल आय अनुमानको ७६ दशमलव ३८ प्रतिशत हो ।

<u>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</u>

आर्थिक वर्ष २०८२/८३ मा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा रु. ९५ लाख १४ हजार ५ सय ६४ रुपैंया बिनियोजन भएकोमा चालु आ.व. को हालसम्म रु. ६० लाख ९३ हजार ६६ रुपैंया खर्च भएको छ । यो कुल आय अनुमानको ६४ दशमलव ०४ प्रतिशत हो । आर्थिक वर्ष २०८२/८३ मा कार्यालय संचालन तथा प्रशासनिक क्षेत्रमा रु. ८ करोड ९२ लाख २१ हजार रुपैंया बिनियोजन गरिएकोमा चालु आ.व. को हालसम्म रु. ६ करोड ६९ लाख ९२ हजार ९ सय १६ रुपैंया खर्च भएको छ । यो कुल आय अनुमानको ७५ दशमलव ०९ प्रतिशत हो ।

- यसरी समग्रमा चालु आ.व. २०८२/८३ को हालसम्मको अवस्थामा ७० दशमलव १ प्रतिशत बजेट खर्च भइसकेको छ ।

सभा सदस्यज्यूहरू,

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बार्षिक आय र व्यय विवरणको सोच, लक्ष्य, उद्देश्य

र अपेक्षित उपलब्धीहरू बाचन गर्दछु ।

<u>बजेटको सोच, लक्ष्य, उद्देश्यहरु</u>

<u>सोचः</u>

“समृद्ध नागरिक, सुदृढ पूर्वाधार, गुणस्तरीय सेवा र पारदर्शी शासनसहित दिगो विकासको आधार निर्माण गर्नु”

<u>लक्ष्यः</u>

"गुणस्तरीय सार्वजनिक सेवा, उच्च जीवनस्तर, समावेशी विकास र उत्तरदायी सुशासन सुनिश्चित गर्दै समृद्ध गाउँपालिका निर्माण गर्नु"

<u>उद्देश्य :</u>

- आन्तरिक राजश्व अभिवृद्धि मार्फत परनिर्भरता कम गर्ने,
- उत्पादन, रोजगारी र आय आर्जनका अवसरहरू प्रवर्द्धन गर्ने,
- गुणस्तरीय स्वास्थ्य तथा शिक्षा र सभ्य समाजको आधार तयार गर्ने,
- सांस्कृतिक तथा पर्यटकीय गन्तब्यका रुपमा बिकास गर्ने,
- बसोबास, भौतिक सुविधा तथा अन्तरआवद्धता सहज व्यवस्थित र उत्थानशिल बनाउने,
- बन, जलाधार तथा जैविक विविधताको संरक्षण एवम् दिगो प्रयोगमा अभिवृद्धि गर्ने,
- विकास पूर्वाधारलाई दिगो, विपद् प्रतिरोधी तथा सामाजिक एवम् संस्थागत जीवनलाई उत्थानशिल बनाउने,
- स्थानीय सेवा तथा बिकास उपलब्धिलाई समावेशी सहज, प्रभावकारी र जवाफदेही बनाउने, कृषिको आधुनिकीकरण, यान्त्रीकरण, विविधीकरण, बैज्ञानिकीकरण र विस्तारीकरण मार्फत स्थानीय उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,

<u>बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरू</u>

**क) समग्र नीति तथा आधारहरू :**

<u>समग्र नीति :</u>

• कृषि तथा पशुजन्य उपजको मुल्य तथा बजार मागका आधारमा उत्पादनलाई विशिष्टिकरण, व्यावसायीकरण, विविधिकरण, उत्पादन सम्झौता गरी उत्पादन, रोजगारी तथा आम्दानीमा वृद्धि गर्ने ।

• ग्रामीण पर्यटन र कृषि पर्यटन प्रवर्द्धनमार्फत आय तथा रोजगारीमा वृद्धि गर्ने,

• शिक्षा तथा स्वास्थ्यमा पहुँच तथा गुणस्तर अभिवृद्धि, सुदृढ सरसफाई तथा स्वच्छ खानेपानी सुविधाको सुनिश्चित गर्ने

• सामाजिक न्याय, समावेशीकरण, सामाजिक सुरक्षामा सहज पहुँच स्थापित गर्नेः

• दिगो तथा उत्पादनशील पूर्वाधार निर्माण, सहज यातायात, सुरक्षित आवास, सुलभ सञ्चार सुविधा र स्वच्छ उर्जाको विस्तार र स्तरोन्नति गर्ने:

• विकासको प्रकृयालाई योजनावद्ध, दिगो, नतिजामुखी र विपद् उत्थानशील बनाउने:

• विकास प्रकृयालाई द्रुततर तुल्याउन अन्तर सरकार, सहकारी, निजी क्षेत्र, समुदाय र नागरिक समाजसँगको समन्वय, साझेदारी र सहकार्यलाई प्रभाबकारी गराउने

• जनमुखी सेवा प्रबाह, आयोजना व्यवस्थापन क्षमता र जवाफदेहिताको अभिवृद्धि गर्दै

सुशासनको प्रवर्द्धन गर्ने

• आन्तरिक राजश्व सदृढीकरण, विवेकपूर्ण श्रोत परिचालन र वित्तीय अनुशासन प्रवर्द्धन गर्ने

• उद्यमशीलताको माध्यम मार्फत आम्दानी तथा रोजगारीका अवसरहरूको श्रृजना गर्ने <u>समग्र आधारहरू:</u>

• बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरू, नेपाल सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, विनियोजन विधेयक २०८३, आ.ब.२०८३/८४ को नीति तथा कार्यक्रम र प्राथमिकता, निर्मित विविध कानूनहरू, गाँउपालिका निर्णयहरू तथा दिगो विकास लक्ष्यहरूलाई मुख्य आधार बनाएको छु । साथै, गाउँपालिका भित्रका प्रमुख राजनीतिक दलहरूको राय सुझाव तथा अन्य विभिन्न क्षेत्रका सरोकारवालाहरूबाट प्राप्त हुन आएका महत्वपूर्ण सुझावहरूलाई समेत बजेट निर्माण गर्दा बिशेष ध्यान दिएको छु ।

• स्थानीय सरकारको आन्तरिक स्रोत, नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरित अनुदान तथा राजश्व बाँडफाँडलाई मुल आधार मानी यो बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु । साथै यस बजेटमा गाँउपालिकाको आफ्नो क्षेत्राधिकारभित्र कर तथा गैह्र कर राजश्व परिचालन र व्यवस्थापनलाई प्राथमिकतामा राखेको छु ।

• अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पूँजीगत बजेटको अंश बढाउने र चालु खर्चमा मितव्ययीता अपनाउने गरी बजेट प्रस्ताव गरेको छु । साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँट र विनियोजनमा देखिने दोहोरोपनलाई न्यूनीकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका बीचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

• समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण, परिपूरक कानून तर्जुमा, भौतिक पूर्वाधारको निर्माण र व्यवस्थापन, आन्तरिक स्रोतको आधार विस्तार, उत्पादन र उत्पादकत्व अभिवृद्धि, आयोजनाको प्राथमिकीकरण, असल शासन प्रबर्द्धन र अन्तर सरकारी सहकारिता, सह- अस्तित्व र समन्वय हाम्रा प्रमुख जिम्मेवारी रहेका छन् ।

सभा सदस्यज्यूहरू,

२०८३ साल असार ०९ गते यस गरिमामय सभामा प्रस्तुत भएको गाउँपालिकाको आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमलाई यस बजेटले सकेसम्म सम्बोधन गर्ने र कार्यक्रमलाई सोही अनुरुप बजेट विनियोजन गर्ने प्रयास गरेको विश्वास दिलाउन चाहन्छु । अब म आ.व. २०८३/८४ को बार्षिक बजेटको विस्तृत विवरण सार्वजनिक गर्न गईरहेको छु ।

आयतर्फः

१. संघीय राजश्व बाँडफाँड : रु १० करोड ५६ लाख ३६ हजार

२. संघीय सशर्त अनुदान : रु २२ करोड ८२ लाख
३. संघीय समानीकरण अनुदान : रु ११ करोड ५४ लाख
४. संघीय समपूरक अनुदान : रु ६० लाख
५. संघीय विशेष अनुदान : रु ९९ लाख
६. प्रदेश समानीकरण अनुदान : रु १ करोड ७ लाख ८४ हजार
७. प्रदेश राजश्व बाँडफाड : रु ८१ लाख ३१ हजार ८ सय ७६
८. घर जग्गा रजिष्ट्रेशन दस्तुर : रु. १ करोड २५ लाख
९. प्रदेश सशर्त अनुदान : रु १ करोड २८ लाख ४७ हजार
१०. प्रदेश समपूरक अनुदान : रु १ करोड
११. आन्तरिक आय : रु २ करोड १ सय २४ रुपैंया

यसरी कुल अनुमानित आय रकम रु. **५३ करोड ९३ लाख ९९ हजार** रहेको छ । यसको विस्तृत विवरण तथा कर, दस्तुर, जरिवानाका दरहरू आर्थिक विधेयक, २०८३ को अङ्गको रुपमा पेश गरेको छु ।

<u>व्ययतर्फ</u>

उल्लेखित आयका आधारमा झापा गाउँपालिकाको विनियोजन विधेयक, २०८३ को खर्चको विवरण देहाय बमोजिम प्रस्तुत गरेको छु ।

**१. गाउँपालिका प्रशासनिक चालु खर्च तर्फ रु ९ करोड २५ लाख ६७ हजार आर्थिक वर्ष २०८३/८४ का लागि विनियोजन गरेको छु ।**

क. आर्थिक विकास तर्फ रु. : रु १ करोड ६९ लाख ८० हजार

ख. पूर्वाधार विकास तर्फ रु. : रु. १० करोड ६८ लाख ४७

ग. वन वातावरण विपद तथा सरसफाई तर्फ रु. : १४ लाख

घ.संस्थागत विकास , सेवा प्रवाह तथा सुशासन तर्फ रु : ४९ लाख

ङ. सामाजिक विकास तर्फ रु. : ४ करोड ९७ लाख ५८ हजार

**३. संघीय सशर्त अनुदान : रु २२ करोड ८२ लाख**

**४. संघीय विशेष अनुदान : रु. ९९ लाख**

**५. संघीय समपूरक अनुदान : रु. ६० लाख**

**६. प्रदेश सशर्त अनुदान : रु. १ करोड २८ लाख ४७ हजार**

**७. प्रदेश समपूरक अनुदान : रु. १ करोड**

यसरी कुल विनियोजित रकम रु. ५३ करोड ९३ लाख ९९ हजार रहेको छ र यसलाई मैले झापा गाउँपालिकाको विनियोजन विधेयक, २०८३ मा प्रस्तुत गरेको छु ।

विनियोजन विधेयकका शीर्षकगत बाँडफाँड देहायबमोजिम हुनेगरी विस्तृत रुपमा उल्लेख गरेको छु।

**१. गाउँपालिका प्रशासनिक चालु खर्च** शीर्षकका सम्पूर्ण क्रियाकलापहरूका लागि एकमुष्ट रु. ९ करोड २५ लाख ६७ हजार विनियोजन गरेको छु जुन विनियोजन विधेयक, २०८३ को अनुसूचि -१ मा उल्लेख भए बमोजिम रहेको छ ।

**२. गाउँपालिकाको विभिन्न विषयगत क्षेत्रको** योजना तथा कार्यक्रमहरूका लागि विनियोजन विधेयक, २०८३ को अनुसुची २ देखि ६ बमोजिमको बजेट विनियोजन गरेको छु ।

सभा सदस्यज्यूहरू

1. नेपाल सरकारबाट सशर्त अनुदान (चालु) अन्तर्गत आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधी खरिदका लागि रु १५ लाख ७८ हजार विनियोजन भएको छ । झापा गाउँपालिकाभित्रका मृगौला प्रत्यारोपण गरेका, डाइलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरूलाई औषधी उपचार खर्च वापत मासिक रु. ५ हजारका दरले

रकम उपलब्ध गराउन रु.१५ लाख ४० हजार, क्षयरोग नियन्त्रणका लागि २ लाख, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत १० शैयाको अस्पताल संचालन खर्च ७० लाख, परिवार कल्याण कार्यक्रमका लागि रु. २२ लाख, महामारी रोग नियन्त्रण कार्यक्रमका लागि रु. १४ लाख लगायत स्वास्थ्य सेवा सम्बन्धी विभिन्न कार्यक्रमहरूका लागी सङ्घीय सरकारबाट रु. १ करोड ५३ लाख बजेट प्राप्त भएको छ।

२. सबैका लागि शिक्षा आधारभूत तह तर्फ रु. १० करोड ४७ लाख विनियोजन गरिएको छ ।

३. माध्यमिक तह स्वीकृत दरबन्दीका शिक्षक राहत अनुदान शिक्षकका लागि रु २ करोड १० लाख विनियोजन गरिएको छ ।

४. विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदानका लागि रु १ करोड ०४ लाख ३९ हजार रकम विनियोजन प्राप्त भएको छ।भने यस अन्तर्गत नेपाल सरकारको न्युनतम तलबमानमा अपुग रकम थप गर्न यस पालिकाबाट बजेट बिनियोजन गरिएको छ।माध्यमिक तह कक्षा ९/१० तथा आधारभूत तह कक्षा ६ देखि कक्षा ८ सम्म अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान क्रमशः रु ३४ लाख ६८ हजार र ९ लाख २३ हजार प्राप्त भएको छ। त्यसैगरी सार्वजनिक विद्यालयका विद्यार्थी हरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान रु ४४ लाख ६३ हजार, तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान रु १ करोड ५५ लाख १७ हजार, विद्यालय संचालन तथा व्यवस्थापन अनुदान रु. २७ लाख ४० हजार, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थतापन अनुदान रु. २१ लाख ७१ हजार, विपन्न लक्षित छात्रवृत्तिका लागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति रु. ३ लाख ४२ हजार, अनौपचारिक/परम्परागत शिक्षा संचालन अनुदानका लागि रु. ८३ लाख ४० हजार, सामुदायिक विद्यालयहरुमा शैक्षिक कार्यक्रम संचालन अनुदान ६ लाख ५७ हजार, शैक्षिक सुशासन प्रवर्द्धन लागि स्थानीय तहमा शैक्षिक कार्यक्रम संचालनका लगि रु. ५ लाख ८ हजार, आधारभुत सिकाइ प्रवर्द्धन कार्यक्रम संचालनका लागि रु. ६ लाख ३३ हजार, स्वीकृत स्थानीय शिक्षा योजना कार्यान्वयनका लागि रु. ६ लाख ६३  संघीय सरकारबाट हस्तान्तरण भई प्राप्त भएको छ।

५. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निःशुल्क स्यानीटरी प्याड व्यवस्थापनका लागि रु. ११ लाख ७२ हजार विनियोजन भएको छ ।

६. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमका लागि १८ लाख प्राप्त भएको छ जसमध्ये रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकम रु. १० लाख ४७ हजार संघीय सरकारबाट हस्तान्तरण भई आएको छ भने जसमा शत प्रतिशत रकम रु. १० लाख ४७ हजार पालिकाबाट समेत विनियोजन गरेको छु ।

७. स्थानीय स्तरमा उद्यमशीलता विकासका लागि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्न रु. १२ लाख विनियोजन भएको छ ।

८. कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमका लागि रु. ६ लाख, रोजगार प्रवर्द्धन कार्यक्रमका लागि रु. ४ लाख संघीय सरकारबाट प्राप्त भएको छ ।

९. आयुर्वेद सेवा कार्यक्रमका लागि रु. ६ लाख विनियोजन भएको छ ।

१०. संघीय सरकारबाट प्राप्त समपूरक अनुदान तर्फ झापा गाउँपालिका वडा नं ७ प्रगती टोल, सुडि बस्ती, ज्योतिष मार्ग हुँदै शरणामती बजारसम्म सडक कालोपत्रेका लागि रु. ६० लाख प्राप्त भएको छ भने जस्मा साझेदारीका लागि शतप्रतिशत रकम रु. ६० लाख गरि १ करोड २० लाख तथा वडा नं ६ र ७ को गौरवको योजना समेत सोहि सडकमा थप गरि जम्मा २ करोड विनियोजन गरेको छु ।

११. नेपाल सरकारको विशेष अनुदान (पूँजीगत) तर्फ आदिबासी, जनजाति, मधेसी, मुस्लिम, दलित लगायत विपन्न वर्गका लागि आवास निर्माण गर्न रु. ९९ लाख प्राप्त भएको छ भने पालिकाबाट रु. १ करोड विनियोजन गरि जम्मा रु. १ करोड ९९ लाख आवास निर्माणका लागि विनियोजन गरेको छु ।यसलाई मैले अनुसूचिमा उल्लेख गरेको छु।

सभा सदस्यज्यूहरू

माथि उल्लेखित संघीय सशर्त, संघीय समपूरक र संघीय विशेष अनुदान मार्फत विनियोजित कार्यक्रम संक्षिप्तमा प्रस्तुत गरिसके पछि अब म आ.व. २०८३/८४ का लागि कोशी प्रदेश सरकारबाट हस्तान्तरित बजेट तथा तथा कार्यक्रमहरू संक्षिप्त प्रस्तुत गर्न गई रहेको छु ।

- कोशी प्रदेश सरकार, करुणा फाउण्डेशन तथा झापा गाउँपालिकाको त्रिपक्षिय साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमका लागि रु. १६ लाख ७२ हजार कोशी प्रदेश सरकारबाट प्राप्त भएको छ भने साझेदारीका लागि रु. १६ लाख ७२ हजार गाउँपालिकाबाट विनियोजन गरेको छु ।
- लैङ्गिक हिंसा निवारण संरक्षण कोषका लागि १ लाख, फलफुल विस्तार कार्यक्रमका लागि रु. ५ लाख तथा पशुपंक्षी बिकास कार्यक्रमका लागि १० लाख ७५ हजार प्राप्त भएको छ ।
- श्रम तथा रोजगार प्रवर्द्धन कार्यक्रमका लागि रु. २५ लाख प्राप्त भएको छ।
- प्रदेश सशर्त अनुदान जूडो प्रा.वि. नजिक रहेको खेलमैदान मन्च निर्माण झापा गा.पा २ झापा ८ लाख, झापा बजार दुर्गा मन्दिरको पुनः संरचना निर्माणका लागि ९ लाख, ठुलो माई खोलामा अधुरो शवदाह गृह निर्माणका लागि ८ लाख, भृकुटी आ.वि का लागि ४ लाख, त्रिभुवन आ.वि घेरावारा ४ लाख लगायत अन्य कार्यक्रम संचालनका लागि जम्मा रु. ७० लाख प्राप्त भएको छ ।

- प्रदेश समपूरक अनुदान अन्तर्गत वडा नं ३ को कालोपत्रे नकुल गणेशको घरदेखि पश्चिम भीम गणेशको गाउँ हुँदै झापा गाउँपालिकाको कार्यालय, वडा नं ३ को वडा कार्यालय हुँदै कामाटोली बजारसम्म सडक कालोपत्रेका लागि रु. ६० लाख प्राप्त भएको छ साथै वडा नं ५ को पुरानो शरणामती जाने कालोपत्रे सडक अजत अलिको घरदेखि पश्चिम दक्षिण हुँदैं पन्थापाडा जाने कालोपत्रे सडकसम्म र कान्छाको घर हुँदै कामाटोली सडकसम्म सडक कालोपत्रे का लागि रु. २० लाख प्राप्त भएको छ भने साझेदारीका लागि शतप्रतिशत रकम विनियोजन गरेको छु ।

सभा सदस्यज्यूहरू,
माथि उल्लेखित संघीय तथा प्रदेश सरकारबाट विनियोजित कार्यक्रम संक्षिप्तमा प्रस्तुत गरिसके पछि अब म आ.व. २०८३/८४ का लागि झापा गाउँपालिका स्तरीय चालु खर्च प्रस्तुत गर्न गइरहेको छु ।

चालु खर्च तर्फः

- नेपाल सरकारले तोकिए बमोजिमको तलव स्केल, महंगी भत्ता र कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता भुक्तानी गर्न आवश्यक रकम विनियोजन गरेको छु ।
- झापा गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सम्बन्धित कर्मचारीको खाइपाई आएको पारिश्रमिकको ६० प्रतिशतको २० प्रतिशत कार्यालयबाट थप तथा कर्मचारीबाट ११% कट्टा गरी जम्मा ३१ प्रतिशत रकम सामाजिक सुरक्षा कोषमा जम्मा गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।साविक भूमि प्रशासन कार्यालयबाट प्रदान हुँदै आएको घरजग्गा रजिष्ट्रेशन, लिखत पारित, जग्गा रोक्का लगायतका भूमि प्रशासन सम्बन्धी सेवा यसै कार्यालयबाट प्रवाहका लागि भूमि प्रशासन शाखामा कार्यरत कर्मचारीको तलव वापत ४१ लाख तथा भूमि प्रशासन संचालन खर्चका लागि रु. २० लाख विनियोजन गरेको छु |
- वडास्तरीय चालु खर्चका लागि रु. २८ लाख विनियोजन गरेको छु ।
- जनप्रतिनिधी तथा कर्मचारीहरूको क्षमता विकास तथा अन्तर-स्थानीय तह अनुभव आदान-प्रदान गर्न आन्तरिक अवलोकन भ्रमणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- विविध खर्च रु. २० लाख, सभा संचालन खर्च रु. ७ लाख, घरभाडा रु. १ लाख, भैपरी आउने चालु खर्च १० लाख, अध्ययन,अनुसन्धान, ऐन नियम कार्यविधि निर्माणका लागि रु. १ लाख, विविध कार्यक्रम खर्चका लागि रु. ३ लाख, इन्धनका लागि रु. २९ लाख, सवारी साधन मर्मत १७ लाख, बीमा तथा नवीकरण रु. ३ लाख, मेसिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च १० लाख, मसलन्द तथा कार्यालय सामग्री रु. २०

लाख , पुस्तक तथा सामग्री खर्चका लागि रु. १ लाख, पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च ५ लाख, सेवा तथा परामर्श खर्च रु. १० लाख, कर्मचारी बैठक भत्ता रु. ६ लाख २९ हजार, पदाधिकारी बैठक भत्ता रु. १५ लाख, पदाधिकारी अन्य सुविधा रु. ६० लाख, कर्मचारी कल्याण कोषका लगी रु. ३ लाख, पानी तथा बिजुली रु. १० लाख, संचार ९ लाख, सवारी साधन भाडा ३ लाख, अन्य भत्ताका लागि रु. ६ लाख ५० हजार रुपैयाँ गरी जम्मा **रु. ९ करोड २५ लाख ६७ हजार** प्रशासनिक चालु खर्च तर्फ विनियोजन गरेको छु ।

सभा सदस्यज्यूहरू,
अब म यस गाउँपालिकाको विषयगत समितिहरुको बजेट देहाय बमोजिम रहने गरी प्रस्तुत गर्न गइरहेको छु ।

<u>आर्थिक विकास तर्फ</u>

- सहकारी विकासका लागि रु. २ लाख ८० हजार, ५० प्रतिशत साझेदारीमा कृषि मेशिन खरिद तथा वितरणका लागि रु. २५ लाख, कृषिका लागि विद्युत विस्तारका लागि रु. १ करोड, सिचाई व्यवस्थापनका लागि ८० प्रतिशत सहुलियतमा सिचाइ विद्युत महशुलका लागि रु. ३० लाख, तथा कृषक तालिमका लागि रु. २ लाख विनियोजन गरेको छु ।
- पशु सेवा विकास कार्यक्रम अन्तर्गत पशु रोग नियन्त्रण तथा औषधि खरिदका लागि रु. ५ लाख विनियोजन गरेको छु ।
- त्यसैगरी पर्यटन क्षेत्रको विकासका लागि रु. ५ लाख विनियोजन गर्दै झापा गाउँपालिकाको समग्र आर्थिक विकासका लागि **रु. १ करोड ६९ लाख ८० हजार** बजेट विनियोजन गरेको छु ।

<u>पूर्वाधार विकासका तर्फ</u>

- वडास्तरीय योजनाका लागि सातै वटा वडामा एकमुष्ठ रु. २ करोड ८३ लाख, झापा गाउँपालिका गौरवका आयोजनाका लागि जम्मा रु. ३ करोड ५० लाख, संघीय तथा प्रदेश समपूरक अनुदानबाट बन्ने सडकमा साझेदारीका लागि रु. १ करोड ६० लाख, समपूरक कोषका लागि रु. १५ लाख, सानातिना मर्मतका लागि रु. ६० लाख, स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ७० मा व्यवस्था भए बमोजिम स्थानीय कानुन बमोजिम खर्च हुने गरी आकस्मिक कोष स्थापना गरी संचालन गर्न आकस्मिक कोषमा

रु. २५ लाख, सम्भाव्यता अध्ययन आई.इ.इ तथा डीपीआरका लगायत परामर्श सेवाका लागि रु. १० लाख, सामान बोक्ने ४ पाङ्ग्रे सवारी साधन खरिदका लागि रु. ३५ लाख, फोहोरमैलाका लागि डम्पिङ्ग साइडको जग्गा खरिद लागि रु. २० लाख, राष्ट्रिय रोजगार कार्यक्रम अन्तर्गत श्रमिकलाई ज्याला साझेदारीका लागि रु. १० लाख ४७ हजार विनियोजन गर्दै समग्र पूर्वाधार विकासका लागि जम्मा रु. १० करोड ६८ लाख ४७ हजार विनियोजन गरेको छु ।

<u>वन वातावरण तथा सरसफाई तर्फ</u>

- वन तथा वृक्षरोपण कार्यक्रमका लागि रु. २ लाख, फोहोरमैला, सरसफाई व्यवस्थापन गर्न रु. २ लाख, विपद् व्यवस्थापन कोषमा रकम जम्मा गर्नका लागि रु. १० लाख गरी वन वातावरण तथा सरसफाई तर्फ रु. १४ लाख विनियोजन गरेको छु।

<u>संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन तर्फ</u>

- सामाजिक परिक्षण तथा सार्वजनिक सुनुवाईका लागि रु. १ लाख ६४, डिजिटल सेवा बडापत्र व्यवस्थापन लागि ५ लाख, कर्मचारीहरूको सूचना प्रविधि, सार्वजनिक खरिद तथा कार्यालय व्यवस्थापन सम्बन्धी तालिमका लागि रु. २ लाख, स्व-मुल्याङ्कन, वित्तीय सुशासन जोखिम न्युनीकरण तथा लै.स.सा.स परिक्षण कार्यक्रम संचालनका लागि रु. १ लाख, न्यायिक समिति तथा मेलमिलाप समितिको कार्यालय व्यवस्थापन तथा विविधका लागि रु. २ लाख तथा सातै वडाका मेलमिलाप समितिका पदाधिकारीहरूको खाजा खर्चका लागि रु. १ लाख गरी संस्थागत क्षमता विकास, पालिका तथा वडा कार्यालयमा सिसिटिभि क्यामेरा जडानका लागि रु. १० लाख लगायत गरि सेवा प्रवाह तथा सुशासन तर्फ जम्मा रु. ४९ लाख विनियोजन गरेको छु ।

<u>सामाजिक विकासका तर्फ</u>

- **शिक्षा :**

शिक्षा विकासका लागि रु. १५ लाख, सामुदायिक विद्यालयमा प्लस टु अध्ययनरत विद्यार्थीहरूका लागि प्लस टु संचालित विद्यालयलाई कार्यविधि अनुसार अनुदान प्रदान गर्न रु. ३५ लाख, स्थानीय पाठ्यपुस्तक छपाईका लागि रु. १० लाख विनियोजन गरेको छु । त्यसैगरी बाल शिक्षक तथा विद्यालय कर्मचारीलाई नेपाल सरकारबाट प्राप्त हुने पारिश्रमिक रकममा थप गर्न रु. ७१ लाख, मदरसामा अध्यापन गराउने शिक्षक पारिश्रमिकका लागि रु. ६७ लाख विनियोजन गरेको छु।

- **स्वास्थ्यः**

- स्वास्थ्य जीवन तथा योग, ध्यान विपसना कार्यक्रम संचालन गर्न रु. १ लाख, आयुर्वेद सेवाका कार्यक्रमहरू संचालन गर्न रु. ७ लाख, सुत्केरी तथा नवजात शिशु पोषण कार्यक्रम अन्तर्गत २० वर्ष उमेर पूरा भएका आमाबाट अनिवार्य अस्पतालमा जन्म भई ३५ दिनभित्र जन्मदर्ता गरेका बच्चाका लागि प्रति सुत्केरी रु. १० हजार का दरले सहायता प्रदान गर्न रु. ५० लाख विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वयम् सेविकालाई कार्यसम्पादनमा आधरित रु. ३००० मासिक प्रोत्साहन प्रदान गर्न रु ११ लाख १६ हजार विनियोजन गरेको छु ।

➢ **युवा तथा खेलकुदः**

- अध्यक्ष कप फुटबल, भलिवल तथा क्रिकेटलाई निरन्तरता दिँदै यसका लागि रु. ८ लाख तथा खेलकुद विकास कार्यक्रममा रु. १२ लाख विनियोजन गरेको छु। युवाहरूका लागि सिपमुलक तालिमका लागि रु. १० लाख, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान बनाउन सफल खेलाडी सम्मानका लागि रु. १ लाख, झापा गाउँपालिकास्तरीय राष्ट्रपति रनिंग शिल्ड कपका लागि रु. २ लाख, पालिका बाहिर संचालन हुने खेलकुद कार्यक्रमका लागि रु. २ लाख तथा अन्य संघ संस्थासँग साझेदारीका कार्यक्रमका लागि रु. ५ लाख विनियोजन गरेको छु ।

➢ **महिला, बालबालिका तथा ज्येष्ठ नागरिकः**

- महिला सशक्तीकरण, क्षमता अभिवृद्धि एवं सिप विकास कार्यक्रमका लागि रु. ५ लाख, विनियोजन गरेको छु ।
- ज्येष्ठ नागरिक सम्बन्धि कार्यक्रम लागि रु. १० लाख विनियोजन गरेको छु ।
- ३५ दिनभित्र जन्मदर्ता गर्ने दलित बालबालिका जन्मदर्ता प्रोत्साहनका लागि रु. ५० हजार, विभिन्न दिवस तथा अन्य कार्यक्रमका लागि रु. १ लाख र बालमैत्री गाउँपालिका घोषणा तथा बालबालिका लक्षित कार्यक्रमका लागि रु. ७ लाख बजेट विनियोजन गरेको छु ।
- अपांग सशक्तिकरण कार्यक्रम तथा अपाङ्गता केन्द्र व्यवस्थापनका लागि रु. २ लाख, बिभिन्न धर्म, परम्परा, संस्कारको जगेर्ना गर्न रु. १४ लाख रकम विनियोजन गरेको छु। सर्पदंश तथा रेविज विरुद्धको खोप कार्यक्रमका लागि रु. ७ लाख र झापा गाउँपलिकाबासीलाई निःशुल्क रक्त सहायता कार्यक्रमका निमित्त रु. २ लाख विनियोजन गरेको छु ।
- मृत्यु संस्कार सहायता कार्यक्रम (प्रति परिवार रु. २० हजारका दरले) सहायता वितरणका लागि रु. ५० लाख विनियोजन गरेको छु । यो सुविधा लिन नचाहने झापा गाउँपालिकाबासी मृतक परिवारलाई स-सम्मान समवेदना प्रकट गरिनेछ ।

- माथिका सबै प्रकारका सहायता सम्बन्धी सुविधा प्राप्त गर्नका लागि घरधुरी तथा भूमिकर मालपोत कर अनिवार्य तिरेको हुनुपर्ने व्यवस्था मिलाएको छु ।
- ग र घ वर्गका अपाङ्गहरूका लागि समता कायम गर्नका रु. ६ लाख विनियोजन गरेको छु ।
- मूल्वीहरूलाई लागि प्रोत्साहनका लागि  रु. ६ लाख विनियोजन गरेको छु ।
- यसरी सामाजिक विकासका निम्ति रु. ४ करोड ९७ लाख ५८ हजार बजेट विनियोजन गरेको छु।
- यस बजेट बक्तव्यलाई विस्तृतरुपले विनियोजन विधेयक, २०८३ को विभिन्न अनुसूचीहरूमा उल्लेख गरेको छु। अब म झापा गौरवका आयोजनाहरू प्रस्तुत गर्न गइरहेको छु ।

**झापा गौरवका आयोजनाहरू**

| वडा नं. | आयोजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | | ५० लाख |
| २. | सडकबारी मोहन बस्नेतको घरदेखि पूर्व जूडो प्रा.वि सम्मको सडक कालोपत्रे | ५० लाख |
| ३. | मुखिया चोकदेखि उप्रेतीको घर हुँदै अमरपथसम्म सडक कालोपत्रे | ५० लाख |
| ४. | हुलाकी सडकदेखि उत्तर कब्रस्थान हुँदै रुहिमारी मदरसासम्म सडक कालोपत्रे | ५० लाख |
| ५. | पन्थापाडा बजारदेखि पूर्व भीम गणेशको घरसम्म, राजन भण्डारीको घरदेखि पूर्व पन्तापारा जाने कालोपत्रे सम्म, महमद साहितुल्लाको घरदेखि दक्षिण नाफिलको घर हुँदै कामाटोली सम्म आउने कालोपत्रे सम्म सडक कालोपत्रे | ५० लाख |
| ६. | शरणामती बजारदेखि पश्चिम ज्योतिष मार्ग हुँदै वडा नं ७ सम्म सडक कालपत्रे | ३० लाख |
| ७. | शरणामती बजारदेखि पूर्व जनता माध्यमिक विद्यालय अगाडि हुँदै विश्वनाथ राजवंशीको गाउँ जाने सडक कालोपत्रे | २० लाख |

| | | |
|---|---|---|
| ८ | झापा गाउँपालिकका वडा नं ७ प्रगती टोल, सुडी बस्ती, ज्योतिष मार्ग हुँदै शरणामती बजारसम्म सडक कालोपत्रे | ५० लाख |

➢ अब म झापा गाउँपालिकाका ७ वटै वडाका लागि विनियोजन भएका योजनाहरू प्रस्तुत गर्न गईरहेको छु ।

| आ.व. २०८३/०८४ का लागि वडा नं १ अन्तर्गतका योजनाहरू |
|---|

| क्र.स. | योजनाको नाम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय व्यवस्थापन | १ लाख | |
| २ | महिला सिप विकास | १ लाख | |
| ३ | अपाङ्ग तथा युवा लक्षित कार्यक्रम | १ लाख | |
| ४ | खेलकुद | ५० हजार | |
| ५ | बिबिध खर्च | ४ लाख | |
| ६ | सालमारा हनुमान मन्दिर उत्तर गाउँ जाने बाटो ग्राभेल | २ लाख | |
| ७ | हित नारायणको यादवको घर दक्षिण डिल्ली यादवको घर जाने बाटो ग्राभेल | २ लाख ५० हजार | |
| ८ | दशानन्द कोचको घर पूर्व दक्षिणको गाउँ जाने बाटो ग्राभेल | १ लाख | |
| ९ | हेमलाल न्यौपानेको घर पश्चिम हुदै दक्षिण गाउँ जाने बाटो ग्राभेल | २ लाख | |
| १० | मुवारक मस्जिद देखि पूर्व गाउँ जाने बाटो ग्राभेल | २ लाख | |
| ११ | किरात मन्दिरको गेट निर्माण | १ लाख ५० हजार | |
| १२ | सालमारा हनुमान मन्दिरको छाना र ढोका निर्माण | ५० हजार | |
| १३ | लसुना ग्रामथान मन्दिरको भौतिक निर्माण | १ लाख | |
| १४ | सुरज बास्के गिर्जा घर मर्मत | ५० हजार | |
| १५ | तल्लु हेमरम माझिथान निर्माण | ५० हजार | |
| १६ | चन्द्र बहादुर लिम्बुको घरदेखि बगान जाने बाटो उच्च स्तरीय ग्राभेल | ३ लाख | |

| | | | |
|---|---|---|---|
| १७ | लसुना अमरपथ देखि अमृतको घर हुदै उत्तर जाने बाटो उच्च स्तरीय ग्राभेल | ३ लाख | |
| १८ | सालमारा बजारमा टहरा निर्माण | २ लाख | |
| १९ | शसस्त्र प्रहरी बि.ओ.पी. टाघनडुब्बा सवारी पार्किङ ग्यारेज निर्माण | १ लाख | |
| २० | आधारभूत स्वास्थ्य केन्द्र रसुनगंज पर्खाल निर्माण | १ लाख ५० हजार | |
| २१ | खानेपानी व्यवस्थापन | १ लाख | |
| २२ | आयुर्वेद औषधी खरिद | ५० हजार | |
| २३ | मर्मत सम्भार | १ लाख | |
| २४ | सितुमारी मनोज मित्तल प्रा.बि. भौतिक सुधार | १ लाख | |
| २५ | सालमारा प्रा.बि. भौतिक सुधार | १ लाख | |
| २६ | सरस्वति आ.बि. भौतिक सुधार | १ लाख | |
| २७ | अमरसिंह प्रा.बि. भौतिक सुधार | १ लाख | |
| २८ | सालमारा मदरसा भौतिक सुधार | १ लाख | |
| २९ | रसुनगंज मदरसा भौतिक सुधार | १ लाख | |
| **जम्मा** | | ४० लाख | |

**आ.व. २०८३/०८४ का लागि वडा नं २ अन्तर्गतका योजनाहरू**

| क्र.स. | योजनाको नाम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा विकास | ४ लाख | |
| २ | स्वास्थ्य | ५० हजार | |
| ३ | महिला लक्षित कार्यक्रम | १ लाख | |
| ४ | बालबालिका तथा अपाङ्ग कार्यक्रम | ५० हजार | |
| ५ | युवा तथा खेलकुद | ५० हजार | |
| ६ | कृषि कार्यक्रम | १ लाख | |
| ७ | वडा स्तरीय मर्मत | २ लाख | |
| ८ | संस्कृति प्रवर्धन कार्यक्रम | २ लाख | |

| | | | |
|---|---|---|---|
| ९ | वडा व्यवस्थापन | १ लाख | |
| १० | युवा लक्षित नव प्रवर्धन तालिम | १ लाख | |
| ११ | राम कुमारको घर छेउको भगवती मन्दिर मर्मत | ५० हजार | |
| १२ | नर बहादुरको घर जाने बाटोमा ब्लक र झापा बजारमा फुल रोप्ने गमला | २ लाख | |
| १३ | कृषि बजार जाने बाटोमा ब्लक जडान | २ लाख | |
| १४ | मेदेको घर उत्तर जाने बाटो ब्लक | ३ लाख | |
| १५ | गंगा मन्दिर घेरावारा र कृष्ण घोर्सनिको घर छेउको बाटो मर्मत | १ लाख | |
| १६ | विविध खर्च वडा नं २ | ३ लाख | |
| १७ | पुस्कर कटुवालको खेत हुदै मिलनबस्ती जाने बाटो मर्मत | २लाख ५० हजार | |
| १८ | हुलाकी मार्ग देखि दक्षिण राम बहादुरको घर छेउ हुदै जाने बाटो मर्मत | १ लाख | |
| १९ | ह्युमपाईप खरिद | १ लाख | |
| २० | शृजनाबस्ती रामदेवको घर जाने बाटो र लक्ष्मी पनेरुको घर देखि पश्चिम जाने बाटो मर्मत | १ लाख ५० हजार | |
| २१ | बाबुलालको घर जाने बाटो मर्मत | ५० हजार | |
| २२ | कुवाड़ी बजार पश्चिम मलामी बाटो मर्मत | २ लाख | |
| २३ | हल्दार बस्तीको मलामी बाटो र मलामी टहरा देखि दक्षिण कृषि बाटो मर्मत | १ लाख ५० हजार | |
| २४ | शिवलाल मुर्मुको घर देखि कृष्ण राजबंशीको घर हुदै जाने बाटो मर्मत | १ लाख | |
| २५ | टप्पुको बाँध सम्म र उत्तर वडा नं ७ जोड्ने बाटो मर्मत | १ लाख ५० हजार | |
| २६ | विपद व्यवस्थापन | ५० हजार | |
| २७ | मलामी बाटोमा स्ल्याव मर्मत | १ लाख | |
| २८ | सुगाबथान शिव मन्दिर मर्मत | ५० हजार | |
| २९ | हुलाकी मार्ग देखि नेफेलको घर छेउको बाटो मर्मत | ५० हजार | |
| जम्मा | | ४० लाख | |

## आ.व. २०८३/०८४ का लागि वडा नं ३ अन्तर्गतका योजनाहरू

| क्र.स. | योजनाको नाम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १ | फुलबारी विद्याज्योती महिला समूह अधुरो घेराबेरा | १ लाख ५० हजार | |
| २ | सोलर बत्ती खरिद तथा जडान | ३ लाख | |
| ३ | फुलगाछीमा अधुरो ग्रामथान घेराबेरा | १ लाख ५० हजार | |
| ४ | सिमलवाडी लक्ष्मीनारायण मन्दिर अधुरो घेराबेरा | २ लाख | |
| ५ | सिमलवाडीको नयाँबस्ती जाने बाटो ग्राभेल तथा मर्मत सम्भार | २ लाख | |
| ६ | सिमलवाडी बजार पूर्वको बाटो ग्राभेल | १ लाख | |
| ७ | भानुभक्त आधारभूत बिद्यालयको भौतिक सुधार | १ लाख ५० हजार | |
| ८ | स्वस्थानी प्रा.वि. को भौतिक सुधार | ७५ हजार | |
| ९ | नमुना प्रा.वि.को भौतिक सुधार | ७५ हजार | |
| १० | सिमलवाडी आ.वि.को भौतिक सुधार | १ लाख | |
| ११ | गर्ल्स मदरसा भौतिक सुधार | ७५ हजार | |
| १२ | आयुर्वेद औषधी खरिद | ५० हजार | |
| १३ | कामाटोली बजारमा सी.सी. क्यामेरा जडान | १ लाख | |
| १४ | गीता कार्कीको घर दक्षिण चन्द्र बहादुर दर्जीको घर सम्म बाटो ग्रावेल | १ लाख | |
| १५ | खानेपानी उपभोक्ता समिति | १ लाख | |
| १६ | रंगलाल मार्ग अमरपथ देखि सामुदायिक भवन सम्म बाटो ग्रावेल | २ लाख | |
| १७ | कामाटोलीबजार पूर्वको बाटो मर्मत सम्भार(३० एम.एम को २ ठाँउ मा कल्भट) | १ लाख ५० हजार | |
| १८ | रानी सामुदायिक वनमा डिप बोरिङ्ग जडान | १ लाख | |
| १९ | किरात राई यायोख्खा फर्निचर खरिद | १ लाख | |

| | | | |
|---|---|---|---|
| २० | तेज बहादुरको घर उत्तर सन्थाल बस्तीमा माझिथान निर्माण | १ लाख | |
| २१ | फुलगाछी चन्द्र सतार बस्तीमा माझिथान निर्माण | ७५ हजार | |
| २२ | गैरीगाँउ अधुरो चर्च घेराबेरा | १ लाख | |
| २३ | फुलबारी भुक्के मार्ग बाटो ग्रावेल | १ लाख ५० हजार | |
| २४ | रूहिमारी अधुरो कबरस्थान घेराबेरा | २ लाख | |
| २५ | बृकचनको घर पूर्वपश्चिम बाटो मर्मत ग्राभेल | १ लख | |
| २६ | क्रिकेट ,फुटबल ,भलिबल लगायत खेलकुद कार्यक्रम | १ लाख ५० हजार | |
| २७ | युनसको घर देखि दक्षिण इब्राहिमको घर सम्म बाटो मर्मत सम्भार | १ लाख | |
| २८ | वडा नं ३ को  मिलिजुली समूहलाई विउपुँजी | ५० हजार | |
| २९ | अवलोकन भ्रमण | १ लाख | |
| ३० | विविध कार्यक्रम खर्च | ५ लाख | |
| ३१ | मर्मत सम्भार | २ लाख | |
| जम्मा | | ४३ लाख | |

**आ.व. २०८३/०८४ का लागि वडा नं ४ अन्तर्गतका योजनाहरू**

| क.स. | योजनाको नाम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा स्तरीय मर्मत | ३ लाख | |
| २ | शैक्षिक सुधार कार्यक्रम | १ लाख ५० हजार | |
| ३ | विविध कार्यक्रम खर्च | १ लाख ५० हजार | |
| ४ | मदरसा निजामिया स्लामिया बासबारीको भवन मर्मत | २ लाख | |
| ५ | विभिन्न टोलमा स्वास्थ्य शिविर कार्यक्रम | १ लाख | |
| ६ | वडा कार्यालय व्यवस्थापन | १ लाख | |

| | | | |
|---|---|---|---|
| ७ | जगदम्बा प्रा.वि. मर्मत | १ लाख | |
| ८ | खयरवारी ओम शान्ति भवन मर्मत | १ लाख | |
| ९ | भामटोलिमा दलित जातिको सम्सानघाट निर्माण | १ लाख | |
| १० | मदरसा मुसुदुलउलुम भवन मर्मत साझेदारीमा | ३ लाख | |
| ११ | खेलकुद विकास कार्यक्रम | १ लाख | |
| १२ | वडा नं ४ को "ग" र "घ" वर्गका अपाङ्गता भएका व्यक्तिलाई सिप विकास तालिम | १ लाख | |
| १३ | महिलाहरुलाई सिपमूलक तालिम | १ लाख | |
| १४ | युवा वर्गका लागि सिपमूलक तालिम | १ लाख | |
| १५ | सडक बत्तिका लागि विद्युत महशुल | ८० हजार | |
| १६ | शिवालय टोलमा शिवालय मन्दिर मर्मत | १ लाख | |
| १७ | दिनकट्टु गाउँजाने बाटो मर्मत | १ लाख ५० हजार | |
| १८ | खयरबारी प्रहरी चौकीमा मन्दिर मर्मत | १ लाख | |
| १९ | भामबस्तीमा बाटो मर्मत | १ लाख ५० हजार | |
| २० | मदरसा इस्लामिया रुहिमारी मर्मत | २ लाख | |
| २१ | सडक बत्ती जडान तथा मर्मत | १ लाख | |
| २२ | नयाँटोलामा कवरस्थान घेराबारा | १ लाख ५० हजार | |
| २३ | चर्तागाछी कवरस्थान घेराबारा | १ लाख ५० हजार | |
| २४ | नयाँटोला अहले हदिस इदगाह घेराबारा | २ लाख | |
| २५ | आर्युवेद शिविर | ५० हजार | |
| २६ | श्री सुरक्षा बालविकास झ्यालढोका निर्माण | १ लाख | |
| २७ | मदरसा ईस्लामिया नुरिया गरिब नवाज पर्खाल निर्माण | १ लाख | |
| २८ | वडा नं ४ को विभिन्न स्थानमा सि.सि. क्यामेरा जडान | १ लाख ७० हजार | |
| २९ | आधारभूत स्वास्थ्य चौकी बाटो मर्मत | १ लाख | |
| ३० | वडा बालसञ्जाल तथा सनराइज बाल क्लव सञ्चालन | ५० हजार | |
| ३१ | श्री ग्रामथान तथा भगवतीथान धार्मिक संस्था झापा ४ को | ५० हजार | |

| | | | |
|---|---|---|---|
| | लागि बाजागाजा खरिद | | |
| जम्मा | | ४० लाख | |

| आ.व. २०८३/०८४ का लागि वडा नं ५ अन्तर्गतका योजनाहरू |
|---|

| क्र.स. | योजनाको नाम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १ | पन्थापडा दुर्गा मन्दिर अधुरो भवन निर्माण | ४ लाख | |
| २ | महेन्द्र मा.वि शैक्षिक सुधार | १ लाख | |
| ३ | रामजानकी आ.वि. शैक्षिक सुधार | १ लाख | |
| ४ | मदरसा दारुसलाम सिमलडाँगी शैक्षिक सुधार | १ लाख | |
| ५ | मदरसा मिस बाहुल उलुम चामापारा शैक्षिक सुधार | १ लाख | |
| ६ | सोलार बत्ती जडान वडा नं ५ | ४ लाख | |
| ७ | बिबिध खर्च वडा नं ५ | ३ लाख | |
| ८ | वडास्तरीय मर्मत सम्भार वडा नं ५( महवुलको घरपश्चिम राधाबस्तीको कब्रस्थान जाने बाटो, ओमशान्ति जाने बाटो, राधाबस्ती सन्थाल गाउँ जाने बाटो मर्मत) | ३ लाख ५० हजार | |
| | कार्यालय व्यवस्थापन | १ लाख | |
| ९ | युवा लक्षित कार्यक्रम | २ लाख | |
| १० | आयुर्वेद सेवा कार्यक्रम संचालन | १ लाख | |
| ११ | खेलकुद कार्यक्रम संचालन | १ लाख | |
| १२ | लबेन मर्डीको घर देखि पश्चिम कृषि सडक मर्मत | १ लाख ५० | |

| | | | |
|---|---|---|---|
| | | हजार | |
| १३ | राधाबस्तीमा रामजानकी मन्दिर घेरावारा | १ लाख | |
| १४ | केल्ठुको घर पूर्बी बिरिङ्ग खोला जाने बाटोमा कज्वे निर्माण | ४ लाख | |
| १५ | ओम शान्ति पन्थापडामा अधुरो शौचालय निर्माण | ५० हजार | |
| १६ | राम कुमारको घर देखि पुर्ब मलामी जाने बाटो मर्मत | १ लाख ५० हजार | |
| १७ | हुलाकी बाटो देखि दक्षिण कब्रस्थान सम्म जाने बाटो मर्मत | १ लाख | |
| १८ | कमल गणेशको घर उतरपूर्व प्रभु गणेशको घर दक्षिण मन्दिर सम्म जाने बाटो मर्मत | १ लाख ५० हजार | |
| १९ | पन्थापडा बजारमा टहरा निर्माण | २ लाख | |
| २० | चामापारा इदगाह घेरावारा रैगरोकन | १ लाख ५० हजार | |
| २१ | पैनी टोला फलामेले पुल छेउको खाल्डो पुर्ने काम | १ लाख | |
| २२ | सिमलडाँगी कब्रस्थान घेरावारा | १ लाख | |
| जम्मा | | ४० लाख | |

आ.व. २०८३/०८४ का लागि वडा नं ६ अन्तर्गतका योजनाहरू

| क्र.सं. | योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | वडा स्तरिय मर्मत संभार | ५ लाख | |
| २. | विविध कार्यक्रम खर्च | ४ लाख | |
| ३. | वडा वरिपरी पार्केटिङ्ग | ३ लाख ५० हजार | |
| ४. | शिवालय मन्दिर वरिपरी पार्केटिङ्ग | ३ लाख ५० हजार | |
| ५. | जेष्ठ नागरिक | ५० हजार | |
| ६. | रानीवनको वन विकाश संरक्षणका लागि | १ लाख | |

| | | | |
|---|---|---|---|
| ७. | भूकुटी नि.मा.वि.मा कुर्सी खरिद | ५० हजार | |
| ८. | जनता मा.वि. अंग्रेजी मिडियम | १ लाख | |
| ९. | चौ बाटोबाट रानीवन , प्रणामी टोल हुदैं तामाङ्ग बस्ती ज्योती मार्ग पुष्प घिमिरेको पसल सम्म, मगर गाउँ बाटो हुदैं गोविन्द्र बस्नेतको घरबाट खड्का गाउँ सम्म ग्राभेल | ५ लाख | |
| १० | नविन चोकबाट माझी गाउँ बासुली मार्ग, मुना रायको घर, किरात चोक देखि ओली कान्छा घर सम्म, मुसर बस्ती सडक मर्मत तथा ग्राभेल | ५ लाख | |
| ११. | कटेज चोक पूर्व दक्षिण जाने बाटो, चर्च टावरबाट हेम बहादुर कार्कीको घर हुदैं सन्थाल बस्ती वियर फ्याक्ट्री पश्चिम दक्षिण संग्रैलाको घर सम्म ग्राभेल | ४ लाख | |
| १२. | मंगल गुरुकुल वाइजुराज मर्मत | १ लाख | |
| १३. | प्रसाई चोक, लय भट्टराई हुदैं भेटवालको घर अगाडी बाट हरि थापाको घर सम्म ग्राभेल | १ लाख ५० हजार | |
| १४. | शनि मन्दिर | ५० हजार | |
| १५. | माझी थान वयरडाँगी | ५० हजार | |
| १६. | खेलकुद | ५० हजार | |
| १७ | अपाङ्गता विउपुजी | ५० हजार | |
| १८ | फोहोर व्यवस्थापन | ५० हजार | |
| १९ | विपत व्यवस्थापन | ५० हजार | |
| २० | हरिहर पराजुली घरपुर्व क्जवे निर्माण | १ लाख ५० हजार | |

## आ.व. २०८३/०८४ का लागि वडा नं ७ अन्तर्गतका योजनाहरू

| क्र.स. | योजनाको नाम | विनियोजन रकम | कैफियत |
|---|---|---|---|
| १ | कृषि तालिम | ५० हजार | |
| २ | निशुल्क स्वास्थ्य शिविर कार्यक्रम | १ लाख | |
| ३ | विद्यार्थीहरुका लागि पोशाक खरिद | ५० हजार | |

| | | | |
|---|---|---|---|
| ४ | विपद व्यवस्थापन | ५० हजार | |
| ५ | ज्योतिष मार्ग बाटो निर्माण | ४ लाख | |
| ६ | सडक बत्ति जडान | ५ लाख | |
| ७ | अधुरो काली मन्दिर बेलडाँगी (शिलालेख) | १ लाख | |
| ८ | रामजानकी मन्दिर (शिलालेख) | १ लाख | |
| ९ | दयालधाम मन्दिर घेरावारा तथा गेट निर्माण | २ लाख | |
| १० | कन्काई टोल ग्वाल गाउँ बाटो निर्माण | १ लाख ५० हजार | |
| ११ | जालपा देवी मन्दिरको अधुरो भान्सा घर निर्माण | १ लाख | |
| १२ | विद्युत मर्मत सम्भार | १ लाख | |
| १३ | जगत बहादुर कार्कीको घर देखि नौले राईको घर हुदै रानिबन सम्म जाने बाटो ग्राभेल | २ लाख | |
| १४ | मदरगाछ बजार अधुरो ढलान निर्माण | ४ लाख | |
| १५ | मदरगाछ बजारको पुरानो टहरा निर्माण | १ लाख ५० हजार | |
| १६ | अपाङ्गहरुको लागि तालिम कार्यक्रम | ५० हजार | |
| १७ | जेष्ठ नागरिक भ्रमण कार्यक्रम | ३ लाख | |
| १८ | विविध खर्च वडा नं ७ | २ लाख २० हजार | |
| १९ | खेलकुद सामाग्री खरिद | १ लाख | |
| २० | दयालधाम मन्दिर कृष्ण जन्मअष्मी खर्च | ३० अजार | |
| २१ | थापा चोक पूर्व, पश्चिम, उत्तर र दक्षिण बाटो ग्राभेल | ४ लाख | |
| २२ | सानोमाईको नगरमा फलामे पुल निर्माण | ५० हजार | |
| २३ | इन्द्र कडेलको घर जाने बाटो निर्माण | ५० हजार | |
| २४ | शरणामती आयुर्बेद औषधालयद्वारा औषधी खरिद तथा वितरण | ५० हजार | |
| २५ | ए.जी. चर्च निर्माण | ५० हजार | |
| २६ | बेलडाँगी इदगाह भुईँ ढलान | ५० हजार | |
| जम्मा | | ४० लाख | |

## वडाहरूबाट गाउँपालिकासँग माग गरिएका आयोजनाहरू:

### वडा नं १ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | अनुमानित रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालयको सभाहल सहित तला थप | १० लाख | |
| २ | अमरपथ देखि सितुमारी जोड्ने बाटो क्रमागत ग्राभेल | ३० लाख | |
| ३ | कृषि सडक उच्च स्तरीय ग्राभेल | २० लाख | |
| ४ | रसुनगंज पक्कि पुल देखि सालमारा जाने बाटो ग्राभेल | ३० हजार | |
| ५ | वडा कार्यालय पर्खाल निर्माण | १० लाख | |

### वडा नं ३ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | आ.व २०८२/८३ को कालोपत्रे वाट बचेको रकमले विर्सा उराउ घर पूर्व कज्वे वा कलभट निर्माण | |
| २ | सतारडुब्बा खाडी देखि रायाको घरसम्मा बाटो मर्मत | |
| ३ | अपाङ्गता व्यक्तिहरुलाई सामाग्री खरिद | |
| ४ | जनस्वस्थ्य शिक्षा सम्बन्धि जनचेतना मुलक कार्यक्रम | |
| ५ | सुरक्षित खानेपानी सरसफाई तथा स्वच्छता विषयको तालिम | |
| ६ | वडा न.३ को रामजानकी ठाकुरवाडी घेराबेरामात्र | |
| ७ | सिमलवाडी गाउ घर किलिनिक घेराबारा | |

### वडा नं. ४ बाट गाँउपालिकासँग माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | मदरसा इलमुल कुरान भवन प्लास्टर तथा रंगरोकन | |
| २ | भामबस्ती देखि पश्चिम खयरवारी जाने बाटोमा कज्वे निर्माण | |
| ३ | खयरवारी पश्चिम चौधरी बस्ती जाने बाटोमा कज्वे पुल | |

वडा नं ७ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | थापा चोक पूर्व, पश्चिम, उत्तर र दक्षिण बाटो ग्राभेल | |
| २ | प्रगति टोल देखि वडा कार्यालय हुदै सुडीबस्ती साथै ज्योतिष मार्ग कालोपत्रे | |
| ३ | वडा नं. ७ मा सामुदायिक भवन निर्माण | |
| ४ | टप्पु मार्ग ग्राभेल | |
| ५ | झाँगाटोली देखि पश्चिम सानोमाई खोला हुदै बेलडाँगी जाने बाटो कालोपत्रे साथै सानोमाई खोलामा पक्की पुल निर्माण | |
| ६ | वडा कार्यालय घेरावारा तथा गेट निर्माण | |
| ७ | वडा कार्यालयको माथिल्लो अधुरो तल्ला निर्माण | |
| ८ | मदरगाछ बजार देखि पश्चिम शिबगंज जाने बाटो कालोपत्रे निर्माण | |

## वडाहरूबाट संघीय सरकारसँग माग गरिएका आयोजनाहरू:

वडा नं १ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | कन्काई नदी तटबन्धन | |
| २ | लक्ष्मी मार्ग देखि मिलनबस्ती हुदै सालमारा जोड्ने बाटो कालोपत्रे | |
| ३ | सितुमारी सालमारा वीच सानो नदीमा पक्की पुल निर्माण | |
| ४ | कृषि मार्ग कालोपत्रे | |
| ५ | वडा कार्यालय पक्की घेराबेरा | |
| ६ | रसुनगन्ज सानोमाई पक्की पुलदेखि पश्चिम सालमारा जाने बाटो कालोपत्रे | |

वडा नं २ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | कुवाड़ी बजार पश्चिम मलामी बाटो कालोपत्रे | |

| | | |
|---|---|---|
| २ | झापा गा.पा.-२ मा सानोमाई सिचाई व्यवस्थापन | |
| ३ | वडा नं २ एकिकृत आवास व्यवस्थापन | |
| ४ | झापा बजार दुर्गा मन्दिर पर्यटन तथा भवन निर्माण | |
| ५ | पुरानो झापा बजारलाई पहिचानको लागि हुलाकी बाटोमा गेट निर्माण | |
| ६ | सानो कन्काई खानेपानी ट्यांकी छेउमा पुल निर्माण | |
| ७ | जोरमाई युवा क्लब खेल मैदान तथा भवन निर्माण | |
| ८ | झापा बजार देखि शिवजीको पोखरी हुदै सिमलबाडी जाने बाटो कालोपत्रे | |
| ९ | हुलाकी बाटो देखि मिलन बस्ति जाने बाटो कालो पत्रे | |
| १० | झापा गा.पा.-२ को गुफा खाडी र गंगा मन्दिर पर्यटन क्षेत्र निर्माण | |
| ११ | श्रृजनाबस्ती देखि बगान हुदै कामतबस्ती कालोपत्रे | |
| १२ | सिचाईका लागि डिप बोरिङ्ग | |
| १३ | झापा गा.पा.-२ को सानो र ठुलो कन्काई नदीको विभिन्न स्थानमा तटबन्धन | |
| १४ | कुमारखोद स्वास्थ्य चौकी भवन निर्माण | |
| १५ | तेलीगाउँ देखि उत्तर कृषि मलामी बाटो कालोपत्रे | |
| १६ | हल्दारबस्ति देखि जय पौडेलको घर छेउको पूर्व जाने बाटो कालोपत्रे | |

<u>वडा नं ३ बाट माग गरिएका आयोजनाहरू:</u>

| **क्र.स.** | **आयोजनाको नाम** | **कैफियत** |
|---|---|---|
| १ | फुलबारी लक्ष्मी आचार्यको घरदेखि दक्षिण टिका वि.क घर हुदै बडा ४ को सिमाना सम्म बाटो कालोपत्रे | |
| २ | सिमलबाडी बजगाँई चोक दक्षिण लालमोहर बस्तीसम्मको बाटो कालोपत्रे | |
| ३ | सिमलवाडी पश्चिम नयाँवस्ती हुदै खोला सम्मको बाटो कालोपत्रे। | |
| ४ | भानुभक्त कृषि सहकारी संस्थाको जग्गामा सितभण्डार निर्माण | |
| ५ | सिमलवाडी बजार पूर्व सानो कन्काई माईमा पक्कीपूल निर्माण | |
| ६ | कामाटोली बजारमा सपिङमहल निर्माण | |

## <u>वडा नं ४ बाट संघीय सरकारसँग माग गरिएका आयोजनाहरू:</u>

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | नयाँटोला बस्तीदेखि दक्षिण कवरस्थानसम्म कालोपत्रे | |
| २ | संगम चौकदेखि दक्षिण बोर्डरसम्म अधुरो सडक कालोपत्रे | |
| ३ | खयरवारी प्रहरी चौकी देखि दक्षिण सुकुमवासी बस्ती सम्म कालोपत्रे | |

वडा नं ६ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | भृकुटी स्कूलबाट चन्द्रबस्ती जोड्न बाटो कालोपत्रे | |

## वडाहरूबाट प्रदेश सरकारसँग माग गरिएका आयोजनाहरू:

वडा नं १ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | वडा क्षेत्रभरि विद्युत विस्तार | |
| २ | सितुमारी रसुनगंज क्षेत्रको सानोमाई नदी तटबन्धन | |
| ३ | सालमारा बजार व्यवस्थापन | |
| ४ | लक्ष्मीनारायण मन्दिर पक्की घेरावारा | |
| ५ | सालमारा मजेबुल कबरस्थान घेरावारा | |
| ६ | लसुनगंज दाहासंस्कार घर निर्माण | |
| ७ | सरस्वती आधारभूत विद्यालय पक्की घेरावारा | |
| ८ | लसुना बोर्डरमा स्वागत गेट निर्माण | |
| ९ | श्री साईलाको घरदेखि मिलनबस्ती सम्मको बाटो कालोपत्रे | |
| १० | मिलनबस्ती वातवरणमैत्री टोल विकास कार्यक्रम | |

वडा नं २ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | खोको कज्वे निर्माण | |
| २ | स्वास्थ्य चौकी घेरावारा | |
| ३ | कुवाड़ी बजार पश्चिम मलामी बाटो कल्भर्ट जडान सहित ग्रावेल | |
| ४ | कृषि बजार व्यवस्थापन | |
| ५ | लक्ष्मी प्रा.वि. घेरावारा | |
| ६ | जुडो प्रा.वि.घेरावारा | |
| ७ | त्रिभुवन आ.वि.घेरावारा | |
| ८ | छट माता मन्दिर निर्माण | |
| ९ | हल्दारबस्ती मन्दिर निर्माण | |
| १० | झापा बजार धर्मशाला | |
| ११ | तेज नारायण राजबंशीको घर देखि दक्षिण वडा नं १ को झोलुंगे पुल सम्म कालोपत्रे | |
| १२ | खानेपानी टयांकी देखि उत्तर बर पिपल सडकबारी जाने बाटोको सानो माईमा झोलुंगे पुल निर्माण | |
| १३ | सानोमाइ नदि तटबन्धन कार्यक्रम | |
| १४ | गरिब जनता आवास निर्माण | |
| १५ | संथाल आवासको अधुरो पक्कि घेरावारा | |
| १६ | सडकबारीमा शिव मन्दिर निर्माण | |
| १७ | पुस्करको खेत देखि दक्षिण नयाँबस्ती जाने बाटो उच्च स्तरीय ग्राभेल | |
| १८ | इलाका प्रहरी कार्यालय घेरावारा | |
| १९ | दुर्गा राउतको घर पूर्व सानोमाइ खोलामा झोलुंगे पुल निर्माण | |
| २० | उत्तम सुवेदीको घर हुदै गणेश थान हुदै पश्चिम बगान हुदै झापा बजार रिंग रोड | |
| २१ | लक्ष्मी मार्ग चारआली चोक देखि पश्चिम खोला जाने बाटो स्तरोन्नती | |
| २२ | कुमरखोद स्वास्थ्य चौकी पश्चिम रानीको घर हुदै हुलाकी बाटो सम्म ब्लक | |
| २३ | जय पौडेलको घर पुर्व उच्च स्तरीय ग्राभेल | |
| २४ | लक्ष्मी मार्ग पश्चिम हरिको घर हुदै जाने बाटो निर्माण | |
| २५ | झापा गाउँपालिका वडा नं २ भरि विभिन्न स्थानमा कृषि सिचाईका लागि विद्युत विस्तार | |
| २६ | झापा गा.पा वडा नं २ मा कोल्ड स्टोर | |

| | | |
|---|---|---|
| २७ | झापा बजार बसपार्क निर्माण | |

वडा नं ३ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | कुमार लिम्बुको घर पश्चिम दक्षिण धरधरे कटान रोकथाम | |
| २ | रूहिमारीको रामजानकी महाविर मन्दिर निर्माण | |
| ३ | लालमोहर स्थित टेक नारायणको घर देखि दक्षिणको सडक कालोपत्रे | |
| ४ | रामजानकी गैरीगाँउ अधुरो सत्संग मन्दिर मर्मत | |
| ५ | .भुटाई चोक देखि पूर्व अमरपथ सम्म बाटो कालोपत्रे | |
| ६ | निखिल चोक देखि दक्षिण बगान सम्म बाटो कालोपत्रे | |
| ७ | सिमलवाडी बजार देखि पश्चिम वडा नं ३ को सिमानासम्म सडक कालोपत्रे | |

## वडा नं ४ बाट प्रदेशसँग माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | शिवालय टोल हुलाकी बाटो देखि दक्षिण विलास चौक सम्म कालोपत्रे | |
| २ | दिनकट्टुको गाउँ जाने बाटोमा झोलुङ्गे पुल | |
| ३ | वासवारीदेखि पूर्व पेश्कारटोल सम्म जाने बाटो कालोपत्रे | |

वडा नं ६ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | कनकाई नदिबाट झापा गा.पा.को लागि सिचाई आयोजना | |
| २ | डिप वोरिङ्ग १० थान | |
| ३ | चप्रामारी प्रा.वि. तर्फ आउने सानो माई खोलामा पक्की पुल निर्माण | |
| ४ | चौबाटोबाट रानीवनको मुख हुदैं प्रणामी टोल हुदैं तामाङ्ग गाउँ सम्म कालोपत्रे | |
| ५ | पुष्प घिमिरेको पसलबाट मगर बस्तीमा कालोपत्रे | |
| ६ | गोकुल मार्ग बाटोमा कालोपत्रे | |
| ७ | कठ्ठेतका खेत अगाडी सानोमाई खोलमा पुल | |
| ८ | अमरपथ जित बहादुर कार्कीको घर हुदैं रानीवन हुदैं प्रणामीटोल हुदैं तामाङ्ग | |

| | | |
|---|---|---|
| | गाउँ जोड्ने बाटो कालोपत्रे | |

**प्रधानमन्त्री स्वरोजगार कार्यक्रमका लागि माग गरिएका योजनाहरू:**

वडा नं ३ बाट माग गरिएका आयोजनाहरू:

| क्र.स. | आयोजनाको नाम | कैफियत |
|---|---|---|
| १ | सिमलवाडी खोप केन्द्रको वाटोमा माटो पुर्ने | |
| २ | सिमलवाडी लिम्वु गाउँ पुर्व नक्सा पैनी सम्म माटो पुर्ने | |
| ३ | फुलवाडीको पिच पुर्वराम व. को जग्गासम्म माटो पुर्ने | |
| ४ | शुसिल जोशीको जग्गा देखि दक्षिणको वाटोमा माटो पुर्ने | |
| ५ | सागिरथ किताको दक्षिणको वाटोमा माटो पुर्ने | |